आज मिति २०८२ साल बैशाख ५ गतेका विहानको ११:०० बजे झिमरुक गाउँ कार्यपालिकाको आ.व.२०८१/८२ को बाह्रौं बैठक झिमरुक गाउँपालिकाका अध्यक्ष श्री पित बहादुर महतरा क्षेत्रीज्यूको अध्यक्षता र देहायको उपस्थितिमा बसी निम्न बमोजिमको प्रस्ताव माथि छलफल गरी देहाय बमोजिम निर्णय गरियो ।

## उपस्थिति

| हस्ताक्षर | नाम | पद |
|---|---|---|
| | पित बहादुर महतरा क्षेत्री | झिमरुक गाउँ कार्यपालिका अध्यक्ष |
| | प्रमोद पोखेल | झिमरुक गाउँ कार्यपालिका उपाध्यक्ष |
| | ध्रुवराज खनाल | झिमरुक गाउँ कार्यपालिका सदस्य |
| | कृष्ण प्रसाद पोखेल | झिमरुक गाउँ कार्यपालिका सदस्य |
| | मित्रबहादुर खत्री | झिमरुक गाउँ कार्यपालिका सदस्य |
| | सिताराम पोखेल | झिमरुक गाउँ कार्यपालिका सदस्य |
| | दधिराम पोखेल | झिमरुक गाउँ कार्यपालिका सदस्य |
| | धन बहादुर पुन | झिमरुक गाउँ कार्यपालिका सदस्य |
| | कृष्ण बहादुर जि.सी. | झिमरुक गाउँ कार्यपालिका सदस्य |
| | तुलस बहादुर बस्नेत | झिमरुक गाउँ कार्यपालिका सदस्य |
| | संगिता परियार | झिमरुक गाउँ कार्यपालिका सदस्य |
| | पार्वता बि.क. | झिमरुक गाउँ कार्यपालिका सदस्य |
| | तुलसा के.सी. | झिमरुक गाउँ कार्यपालिका सदस्य |
| | कल्पना थापा (एम.सी.) | झिमरुक गाउँ कार्यपालिका सदस्य |
| | चोप बहादुर बि.क | झिमरुक गाउँ कार्यपालिका सदस्य |
| | हरी सुनार | झिमरुक गाउँ कार्यपालिका सदस्य |
| | विकास के.सी. | प्रमुख प्रशासकीय अधिकृत |
| | अशोक जि.सी. | ईन्जिनियर |
| | अरविन्द महत | सहायकस्तर पाँचौं (लेखा) |
| | दामोदर उपाध्या | का.स. |

विकास के.सी.
प्रमुख प्रशासकीय अधिकृत

**प्रस्ताव नं. १ गत बैठकको समिक्षा सम्वन्धमा ।**
**निर्णय नं १**
प्रस्ताव नं. १ माथि छलफल गर्दा भिमरुक गाउँ कार्यपालिकाको मिति २०८१/१२/७ गते बसेको एघारौं बैठकबाट स्थानीय पूर्वाधार विकास आयोजना कार्यालय लुम्बिनी प्रदेश, बुटवलको च.नं.१००५ मिति २०८१/१२/०३ गतेको बैकल्पिक सहायक राजमार्गको रुपमा सडकको विवरण उपलब्ध गराउने सम्वन्धी पत्र अनुसार सडकहरु छनोट गरी सम्बन्धित कार्यालयमा पठाईको, चौथो राष्ट्रपति रनिङ्गशिल्ड प्रतियोगिता, २०८१ मा भएको खर्च अनुमोदन गरिएकाले उक्त कार्यक्रममा भएको खर्चको भुक्तानी भई रहेको, भिमरुक-५, मैनाकेमा खेलमैदान निर्माण गर्दा भएको खर्चको लागि स्रोतको सुनिश्चितता गरिएकोमा भुक्तानीको प्रक्रिया अगाडि बढेको , त्रिभुवन विश्वविद्यालय प्राणी शास्त्र केन्द्रीय विभाग कीर्तिपुर, काठमाडौंको जंगली जनावरले पुर्‍याएको क्षेतिको विवरण माग गरे अनुसार विवरण संकलन गरी पठाईएको, राजश्व सुधार कार्ययोजनाको विश्लेषणका आधारमा कार्यान्वयन सम्वन्धी तालिममा राजश्व शाखाबाट शाखा अधिकृत श्री पिताम्वर मरासिनी र राजश्व परामर्श समितिको तर्फबाट सदस्य श्री दधिराम पोखेललाइ छनोट गरी पठाईएकोमा तालिममा सहभागी भइ सफलतापूर्वक तालिम प्राप्त गरी आउनु भएको, मिति २०८१/९/२९ गते दोस्रो पटक सूचना प्रकाशनबाट प्राप्त भएका ३ थान भिमरुक गाउँपालिकाको प्रतिक चिन्ह (लोगो) हरुको सूचनामा उल्लिखित विवरण अनुसार उत्कृष्ट लोगो छनोट गरी सिफारिस गर्न समिति गठन भएकोमा उक्त समितिमा रहनु भएका कर्मचारीहरुको कार्य व्यस्तताको कारण उत्कृष्ट लोगो छनोट गरी सिफारिस गर्न ढिलाई भएकोले अर्को गाउँ कार्यपालिकाको बैठकसम्म सिफारिस गरी पठाउन जानकारी गराउने लगायतका विषयमा समिक्षा गरियो ।

**प्रस्ताव नं. २ बाग्दुला -वतासेडाँडा -मच्छी सडकको प्रगती समिक्षा सम्वन्धमा ।**
**निर्णय नं २**
प्रस्ताव नं. २ माथि छलफल गर्दा भिमरुक गाउँपालिकाको आ.ब.२०८१/८२ को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत बाग्दुला मच्छी सडक स्तरउन्नती (बतासेडाँडा-मच्छी खण्ड), ठेक्का नं JRM/NCB/WORKS/०३/२०८१/०८२ को लागि कार्कि अमृत जे.भि रम्भा-५, पाल्पासँग मिति २०८१/१०/०८ गते रु. ३,०५,९०,४८९.५५ (अक्षेरुपी तीन करोड पाँच लाख नव्बे हजार चार सय उनानब्वे रुपैया पचपन्न पैसा मात्र) मा सम्झौता भई निर्माण कार्य द्रुत गतीमा अगाडि बढेको छ । उक्त निर्माण कार्यको BOQ मा Soil Transportation and disposal of excavated soil at suitable area को परिमाण १३,४९९.४९ घ.मि. रहेको छ करिव २० प्रतिशत निर्माण कार्य सम्पन्न भएको अवस्थामा उल्लिखित १३४९९.४९घ.मि. माटो बोकेर व्यवस्थापन गर्ने कार्य करिव अन्तिम चरणमा पुगेको र स्थानीयहरुको व्यापक अबरोधको कारण सम्झौता भए भन्दा बढि परिमाणमा माटो व्यवस्थापन गर्न कठिनाई भएकोले उल्लिखित समस्या समाधान हुने गरी नयाँ कार्यादेश पाउँ भनी सम्वन्धित निर्माण कम्पनीका प्रतिनिधि प्रकाश कार्किले मिति २०८२/१/४ मा निवेदन दिनु भएको सन्दर्भमा छलफल हुँदा Revised Estimate गरी BOQ मा उल्लेख भए भन्दा वढि परिमाणको माटो व्यवस्थापन गर्न उचाई वढि भएको व्याक कटिङ्ग एरियामा राखेको नालीको काम वर्षाको समयमा पैरोआई नाली ध्वस्त भै लगानी खेर जाने सम्भावना रहेको र सो ठाँउमा सोही कामको वजेट कट्टा गरी माटो वोकेर फाल्ने शीर्षक र अन्य BOQ मा समावेश भएका कुन कुन आईटम हेरफेर गरी रकमान्तर गर्न मिल्छ मिल्दैन यदि मिल्छ भने के कुन आधारमा मिल्ने हो Quantity Variation स्वीकृत गर्नुको लागि पूर्वाधार विकास तथा भवन नियमन शाखाबाट टिप्पणी उठाई प्रमुख प्रशासकीय अधिकृतबाट आगामी कार्यपालिकाको बैठकमा पेस गर्ने गरी स्वीकृत प्रदान गर्ने सर्वसम्मत निर्णय गरियो ।

**विकास के.सी.**
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

**प्रस्ताव नं.३ प्रदेश समपुरक तथा विशेष अनुदान तर्फका आयोजना छनोट सम्वन्धमा ।**
**निर्णय नं ३**

प्रस्ताव नं ३ माथि छलफल गर्दा लुम्बिनी प्रदेश सरकार आर्थिक मामिला तथा योजना मन्त्रालयको च.नं.६६७ मिति २०८१/१२/२९ गतेको र लम्बिनी प्रदेश योजनाको सचिवालयको च.नं.२४८ मिति २०८१/१२ गतेको आयोजना/योजना/ कार्यक्रम प्रस्ताव गर्ने सम्वन्धी प्राप्त पत्रानुसार झिमरुक गाउँपालिकाबाट आ.व. २०८२/८३ मा कार्यान्वयन गर्नको लागि तपसिल बमोजिमका योजनाहरुको प्राथमीकताक्रम निर्धारण गरी समपुरक अनुदान र विशेष अनुदानतर्फ लुम्बिनी प्रदेश सरकार, योजना आयोगमा माग गर्न प्रस्ताव पेस गर्ने सर्वसम्मत निर्णय गरियो ।

**तपसिल**

**प्रदेश समपुरकतर्फ**

| क्र.स. | योजनाको नाम | ठेगाना | रकम रु |
|---|---|---|---|
| १. | ज्यामुरखोला-मच्छी- ढाड हल्ते हुँदै बाँदिकोट चिप्लेटी वडा नं.५,३ र २ वडा कार्यालय पहुँच मार्ग स्तरउन्नती | झिमरुक-५, ३ र २ | २ करोड ५० लाख |
| २. | झिमरुक रिङ्गरोड स्तरउन्नती | झिमरुक गा.पा. | २ करोड ५० लाख |

**प्रदेश विषेशतर्फ**

| क्र.स. | योजनाको नाम | ठेगाना | रकम रु |
|---|---|---|---|
| १. | बाँदीकोट मैदानदेखि बाँदिकोट ओखरकोट खड्क देवता मन्दिरसम्म पदमार्ग निर्माण | झिमरुक -३ | ४० लाख |
| २. | झिमरुक गाउँपालिकाका वडा नं. १ र ७ का स्वास्थ्य संस्थाहरुको अधुरो भवन पूर्वाधार निर्माण योजना | झिमरुक -१,सौतामारेफेदी र झिमरुक-७, तुषाराको नयाँ भवन | ४० लाख |

**प्रस्ताव नं. ४ स्वास्थ्य कर्मीहरुको पारिश्रमिक सम्वन्धमा ।**
**निर्णय नं ४**

प्रस्ताव नं ४ माथि छलफल गर्दा संघीय शर्सत अनुदानको रुपमा पारिश्रमिक उपलब्ध गराउने गरी झिमरुक गाउँपालिकाका विभिन्न स्वास्थ्य संस्थाहरुको दरवन्दीमा करार सेवामा नियुक्ती भएका तपसिल वमोजिमका कर्मचारीहरुले खाइपाई आएको पारिश्रमिकमा नेपाल सरकारको स्केल अनुसारको पारिश्रमिक उपलब्ध गराई पाउँ भनी निवेदन पेस गरेको हुँदा उक्त निवेदन माथि बैठकमा छलफल भई मिति २०८२ साल बैशाख महिनादेखि निम्न बमोजिमको पारिश्रमिक संघीय सर्शत अनुदानबाट कर्मचारी पारिश्रमिक शीर्षकमा प्राप्त हुने स्रोतबाट व्यवस्थापन गर्ने गरी चौथो तहका कर्मचारी सरह स्केल बमोजिमको पारिश्रमिक उपलब्ध गराउने सर्वसम्मत निर्णय गरियो

**तपसिल**

| सि.न | नाम थर | पद | कार्यरत संस्था | हाल खाईपाई आएको पारिश्रमिक | थप गरिएको पारिश्रमिक | जम्मा पारिश्रमिक |
|---|---|---|---|---|---|---|
| १. | जुना महतरा | अ.हे.व. | बाँदीकोट स्वास्थ्य चौकी | २६,४५०। | ६,४५२। | ३२,९०२। |

**विकास के.सी.**
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २. | कल्पना वली | अ.हे.व. | टिमुरचौर आ.स्वा.से. केन्द्र | २६,४५०। | ६,४५२। | ३२,९०२। |
| ३. | विना के.सी. | अ.न.मि. | तुषारा स्वास्थ्य चौकी | २६,४५०। | ६,४५२। | ३२,९०२। |
| ४. | उर्मिला मल्ल | अ.न.मि. | बाँदीकोट स्वास्थ्य चौकी | २६,४५०। | ६,४५२। | ३२,९०२। |

**प्रस्ताव नं. ५ फोहोरमैला व्यवस्थापन सम्बन्धमा ।**

**निर्णय नं ५**

प्रस्ताव नं ५ माथि छलफल गर्दा झिमरुक गाउँपालिकामा वडा नं. ५ को बाँदीखोलामा निर्माण भएको फोहोर मैला व्यस्थापन गर्ने स्थानमा फोहोरमैला व्यवस्थापनमा स्थानीय बासहिरुको अवरोधका कारण समस्या भएको र बजार क्षेत्रबाट संकलन हुने फोहोरमैला व्यवस्थापन गर्ने उपयुक्त स्थान नभएको कारण समस्या भएकोले झिमरुक गाउँपालिका बजार क्षेत्र भएका वडाहरुले उपयुक्त स्थानको पहिचान गरी फोहोर व्यवस्थापन गर्नको लागि स्थानको अवस्थिती वडा समितिले जानकारी गराईसके पछि पूर्वाधार व्यवस्थापन र ढुवानीको लागि आवश्यक प्रक्रिया पुरा गरी चालु आ.व. मा फोहोरमैला व्यवस्थापन शीर्षकमा विनियोजन गरिएको रु ३,५०,०००। बजेट रकमबाट व्यवस्थापन गर्ने गरी वडा समितिलाई जिम्मेवारी दिने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. ६ ईलाका प्रशासन कार्यालय माग गर्ने सम्वन्धमा**

**निर्णय नं. ६**

प्रस्ताव नं. ६ माथि छलफल गर्दा गौमुखी गाउँपालिका र झिमरुक गाउँपालिकाका सेवाग्राहीहरुलाई पायक पर्ने स्थान झिमरुक -५, मच्छी क्षेत्रमा ईलाका प्रशासन कार्यालय, मालपोत कार्यालय र नापी कार्यालय स्थापना तथा सञ्चालनको लागि नेपाल सरकार गृह मन्त्रालयमा माग गर्ने भनी प्रदेश माननीय संसद निमा गिरी,प्यूठान नगरपालिकाका नगर प्रमुख, गौमुखी गाउँपालिकाका अध्यक्ष, झिमरुक गाउँपालिकाका अध्यक्ष समेतको उपस्थितिमा मिति २०८० साल भदौ ३१ गते यस कार्यालयमा बैठक बसी निर्णय समेत भएको हुँदा प्यूठान जिल्ला सदरमुकाम खलंगादेखि झिमरुक र गौमुखी गाउँपालिका, मल्लरानी गाउँपालिकाका २,प्यूठान नगरपालिकाका १ र नौबहीनी गाउँपालिकाका २ वटा वडा समेतका सेवाग्राहीहरुलाई सेवा लिन २/३ दिन लाग्ने भएका कारण समस्या भएकोले र प्यूठान जिल्लाको भूगोललाई मध्यनजर गरी जसपुर र मच्छीमा उल्लिखित कार्यालयहरु स्थापना गर्न २०७२ साल पहिले नै सर्वदलिय सर्वपक्षिय बैठकबाट निर्णय भै जसपुरमा २०७२ सालमा माथि उल्लिखित कार्यालयहरु स्थापना भई सेवा प्रवाह भै रहेको तर मच्छीमा हालसम्म पनि हुन नसकेको, गत आ.व.मा पनि नेपाल सरकार गृह मन्त्रालयमा माग गरी पठाएकोमा कार्यान्वयन नभएकोले आ.व. २०८२/८३ देखि उक्त कार्यालयहरु स्थापना गरी सञ्चालन गर्न नेपाल सरकार गृह मन्त्रालय र भूमी व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालयमा अनुरोध गरी झिमरुक गाउँपालिका वडा नं. ५ को मच्छी क्षेत्रमा ईलाका प्रशासन कार्यालय, मालपोत कार्यालय र नापी कार्यालय स्थापना र सञ्चालनको लागि माग गर्ने सर्वसम्मत रुपमा निर्णय गरियो । साथै आवश्यक समन्वय र सिफारिसको लागि जिल्ला प्रशासन कार्यालय, प्यूठानलाई अनुरोध गर्ने निर्णय गरियो ।

**विकास के.सी.**
प्रमुख प्रशासकीय अधिकृत

**प्रस्ताव नं. ७ विविध सम्वन्धमा ।**
**विविध (क) गाडी भाडामा लिने सम्वन्धमा ।**
**निर्णय नं. ७ ( क )**

प्रस्ताव नं ७ (क)माथि छलफल गर्दा झिमरुक गाउँपालिकाको कार्यालयबाट विभिन्न योजना/कार्यक्रमहरुको अनुगमन, विद्यालय, स्वास्थ्य संस्था,वडा कार्यालयहरुको अनुगमन तथा निरीक्षण लगायतका कामकाजको लागि स्थलगत रुपमा जानु पर्ने भएको र हाल झिमरुक गाउँपालिकाको नाममा रहेको १ मात्र सवारी साधनबाट सेवा प्रवाह गर्न कठिनाई भएकोले ईन्धन खर्च गाउँपालिकाबाट उपलब्ध हुने गरी १ थान ४ पाङ्ग्रे सवारी साधन मासिक भाडामा लिनको लागि आवश्यक प्रक्रिया अगाडि बढाउने सर्वसम्मत निर्णय गरियो ।

**विविध (ख) आर्थिक सहयोग सम्वन्धमा ।**
**निर्णय नं. ७ (ख)**

प्रस्ताव नं ७ (ख) माथि छलफल गर्दा तपसिल बमोजिमका व्यक्तिहरुले आर्थिक सहयोग मागको लागि पेस गरेको निवेदनको विषयमा व्यापक छलफल गरी तपसिलमा उल्लिखित शीर्षकबाट आर्थिक सहयोग रकम उपलब्ध गराउने सर्वसम्मत निर्णय गरियो ।

**तपसिल**

| क्र.स | आर्थिक सहयोग माग गर्ने संस्था/व्यक्तिको नाम ठेगाना | आर्थिक सहयोग उपलब्ध गराउने प्रयोजन | रकम रु | शीर्षक |
|---|---|---|---|---|
| १ | झिमरुक-७ निवासी गोविन्द बहादुर भण्डारीको क्रिया खर्च वापतको रकम उपलब्ध गराउने सम्वन्धी निवेदन अनुसार | निवेदकको आमा पार्वता देवी भण्डारीको मृत्यु भएको र आर्थिक स्रोत अत्यन्तै कमजोर भएकोले किरिया खर्च वापत आर्थिक सहयोग | १०,०००। | आर्थिक सहायता |
| २ | झिमरुक गाउँपालिका वडा नं.४ निवासी दुर्गा प्रसाद जैशी निवेदन अनुसार | निवेदक लामो समयदेखि प्याडक्रियाज सम्वन्धी रोगी भएका कारण औषधी उपचार र नियमित चेकजाँच गराउनु पर्ने भएको हुँदा औषधी उपचार कार्यको लागि आर्थिक सहयोग | १५,०००। | आर्थिक सहायता |
| ३ | झिमरुक -४ निवासी रुमा कुमारी विश्वकर्माको काजक्रियाको लागि आर्थिक सहयोग उपलब्ध गराईपाउँ भन्ने निवेदन अनुसार | निवेदको आमा मस्त कुमारी विश्वकर्माको मृत्यु भएकोले आर्थिक स्रोत अत्यान्तै कमजोर भएका कारण काजकिरिया खर्च वापत आर्थिक सहयोग | १०,०००। | आर्थिक सहायता |
| ४ | झिमरुक-५, विसरे निवासी सरस्वता रोकाको आर्थिक सहयोग उपलब्ध गरिदिने वेहोराको निवेदन अनुसार | निवेदकको घर वर्षादको समयमा पानी चुहिएर वस्न नमिल्ने भएको हुँदा घर संरक्षणको लागि आर्थिक सहयोग | २०,०००। | आर्थिक सहायता |
| ५ | झिमरुक-५ निवासी भरत बहादुर दर्जिको निवेदन अनुसार | निवेदकको दाहिने खुट्टा भाचिएको कारण औषधी उपचारको गर्न आर्थिक स्रोत कमजोर भएको हुँदा उपचारको गर्नको लागि आर्थिक सहयोग | २०,०००। | आर्थिक सहायता |

**विकास के.सी.**
प्रमुख प्रशासकीय अधिकृत

| | | | | |
|---|---|---|---|---|
| ६ | झिमरुक-५ बाँदीखोला निवासी निर्मला सुनारको निवेदन अनुसार | निवेदक लगायत रसाईली वन्दुको कौसिल्य गोत्र कुलपुजा समितिको मन्दिर मर्मत कार्यको लागि आर्थिक सहयोग | १०,०००। | आर्थिक सहायता |
| ७ | झिमरुक-३ आहालखोला निवासी गिरु प्रसाद पौडेलको आर्थिक सहयोग उपलब्ध सम्वन्धी निवेदन अनुसार | निवेदकको घरगोठ बनबाट आगो आई जली पूर्णरुपमा क्षति भएको हुँदा घरगोठ पु:न निर्माणको लागि लागि आर्थिक सहयोग | २०,०००। | आर्थिक सहायता |
| ८ | झिमरुक-८,टिमुरचौर निवासी खगिश्वरा भारतीको आर्थिक सहयोग उपलब्ध सम्वन्धी निवेदन अनुसार | निवेदकको गोठमा चट्याङ्ग परेको कारण १ (एक) जिउ भैसीका मृत्यु भएको हुँदा आर्थिक सहयोग | २०,०००। | आर्थिक सहायता |
| ९ | झिमरुक-८,टिमुरचौर निवासी तन बहादुर सार्किको आर्थिक सहयोग उपलब्ध सम्वन्धी निवेदन अनुसार | निवेदकको घर विद्युत सर्ट भई आगलागीको कारण आंशिक क्षति भएको हुँदा आर्थिक सहयोग | १०,०००। | आर्थिक सहायता |

**विविध (ग) वजेट रकमान्तर सम्वन्धमा ।**
**निर्णय नं. ७ (ग)**

प्रस्ताव नं ७ (ग) माथि छलफल माथि छलफल गर्दा तपसिल वमोजिमका आयोजनाहरुमा वजेटको सुनिश्चितता नभएको तर तत्काल निर्माण तथा मर्मत गर्नु पर्ने भएको हुँदा प्राविधिक लागत अनुमान अनुसार तपसिल वमोजिमको शीर्षकबाट वजेट रकम रकमान्तर गरी देहाय अनुसारका योजनाहरुको निर्माण तथा मर्मतको कार्य अगाडि वढाउने सर्वसम्मत निर्णय गरियो ।

**तपसिल**

| क्र.स. | योजनाको नाम | ठेगाना | वजेटको स्रोत | विनियोजन रकम रु |
|---|---|---|---|---|
| १ | श्री बालज्योति प्रा.वि. शौचालय निर्माण | झिमरुक-५,चुधारा | झिमरुक गाउँपालिका अन्तर्गतका विभिन्न शौचालय तथा भवन मर्मत | २,००,०००। |
| २. | श्री बालज्योति प्रा.वि. शौचालय निर्माण | झिमरुक-५,चुधारा | विभिन्न योजनाहरुको लागि म्याचिङ्ग फण्ड | ८०,०००। |
| ३ | दलित सामुदायिक भवन मर्मत | झिमरुक-८ | विभिन्न योजनाहरुको लागि म्याचिङ्ग फण्ड | २,७०,५५०। |

अन्तमा आजको बैठक शौहार्दपूर्ण वातावरणमा सम्पन्न गरियो ।

झिमरुक गाउँ कार्यपालिकाको निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणिकरण (कार्यविधि) नियमावली, २०७४ को नियम ५ वमोजिम प्रमाणित गर्दछु ।

**विकास के.सी.**
प्रमुख प्रशासकीय अधिकृत

CamScanner